# जिल्ला सरकारी वकील कार्यालयबाट जारी गरिएको

## प्रेश विज्ञप्ति

मिति २०७९।४।१९ गते ६:४० बजे दिनेश खबर कैलालीमा छापिएको समाचार प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । पत्रकारिताको व्यवसायिकता नबुझ्ने, कानूनी सिद्धान्त, प्रकृया, यस कार्यालयको कानूनी कर्तव्य, कार्यविधि र कारणयुक्त निर्णयको मर्म नबुझि कसैको प्रभाव, प्रलोभन र उक्साहटमा लागि यस कार्यालयका कार्यालय प्रमुख जिल्ला न्यायाधिवक्ता राजेन्द्र सिंह भण्डारीको चरित्रहत्या गर्ने काम जुन भएको छ यस्ता भ्रामक निराधार र असत्य समाचार संप्रेषण प्रति विश्वास नगरी दिन सम्पूर्ण आम सचेत नागरिक प्रति आग्रह गर्दै उक्त समाचार प्रति समेत घोर निन्दा गरिन्छ । उक्त समाचारमा "पीडित" बनाइएकी परिवर्तित नाम "लक्ष्मी" राखिएकोमा निज महिलाको नाम मुद्दामा "कैलाली ७१ सुखखड ५५" हो । निजले प्रतिवादी रमेश चौधरी विरुद्ध मिति २०७७।९।३ को झुट्टा घटना बनाई मिति २०७७।११।१० मा इलाका प्रहरी कार्यालय सुख्खडमा जाहेरी दरखास्त पेश गरेकोमा ईलाका प्रहरी कार्यालयमा जाहेरी दर्ता भएपछि निज पिडितको मिति २०७७।११।१० मा स्वास्थ्य जाँच हुदाँ कुनैपनि जबरजस्ती गरेका चिन्ह, घाउँ पीडितको शरीरमा नभएको भन्ने स्वास्थ परिक्षण प्रतिवेदनमा उल्लेख भएको, अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेका प्रतिवादी रमेश चौधरीले मैले जबरजस्ती करणी गरेको छैन भनि वारदातमा इन्कार रही आफुले यी जाहेरवालालाई जबरजस्ती करणी नगरेको भनि बयान गरेको, घटनाको प्रत्यक्षदर्शी नहुदाँ र स्वास्थ्य परिक्षणबाट जाहेरवालाको भनाई समर्थन नहुने स्थितिमा ३२ वर्षकी यी पीडित जाहेरवालाको हकमा ठोस प्रमाणको अभावमा पनि यस कार्यालयबाट प्रतिवादीका विरुद्ध मिति २०७७।१२।१३ मा कैलाली जिल्ला अदालतमा अभियोगपत्र दायर भएको, प्रतिवादीले अदालत पनि कसूरमा इन्कार रही बयान गरेका, पीडित भनिएकी यी जाहेरवालालाई अदालतले मिति २०७८।१।६ मा बकपत्रको लागि उपस्थित गराउदाँ बन्द इजलासमा **यिनै पीडितले पूर्ण होसमा मेरो जाहेरीको व्यहोरा मेरो होइन, ल्याप्चे सहिमात्र मेरो हो प्रतिवादीलाई आठलाख रुपियाँ ऋण दिएकी थिए त्यो पैसा माग्न खोज्दा उल्टै गाली गलौज गरेकाले रिसको आवेगमा जाहेरी दिएकी हुँ घटना मितिमा प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको होइन** भनि बकपत्रमा दस्तखत समेत गरेकी, निजकै साथ दिने साक्षी महिला अधिकारकर्मी यममाया ढकालले समेत बकपत्र गर्दा घटना भएको होइन भनि बकपत्र गरेको अवस्थामा, ३२ वर्षकी पीडितको स्वास्थ्य जाँच रिपोर्ट, प्रतिवादीको मौका र अदालतमा गरेको बयान र यी पीडितले जाहेरी खण्डन हुने गरी गरेको बकपत्रको आधारमा प्रतिवादीले अभियोगदावीबाट सफाई पाउने गरी कैलाली जिल्ला अदालतले मिति २०७८।३।६ मा फैसला गरेको, यो फैसलाबाट जाहेरवालाले न्याय पाएन भनि यस कार्यालयबाट उच्च अदालत डोटी दिपायलमा २०७८।४।२२ मा पुनरावेदन समेत गरिएकोमा हालसम्म पनि उक्त मुद्दा उच्च अदालत डोटीमा विचाराधिन रहेको छ।

यसरी यस कार्यालयको कुन काम कारवाहीले निजलाई मर्का प-यो वा न्याय पाउने हक बंन्चित भयो सोतर्फ आफनो कुनै भनाई नराखी आफुले गरेको गल्ति र आफनो स्वार्थ पुरा नभएपछि अरुलाई दोष लगाएर आफन्त माझ आफू निर्दोष देखिन खोज्ने यस्ता पीडित जाहेरवालाले आफनो जाहेरी आफै खण्डन हुनेगरी अदालतमा बकपत्र गर्ने, झुट्टा जाहेरी दर्ता गराई निर्दोष मान्छेलाई फसाउने, जे जसरी पनि मुद्दा जितिन्छ की भनि अरुलाई जस्तोसुकै आरोप लगाउन पनि पछि नपर्ने यस्ता पिडित जाहेरवालाले यस कार्यालयका कार्यालय प्रमुख विरुद्ध जुन आरोप लगाई दिनेश खबर पत्रिका मार्फत चरित्र हत्या हुने काम गरेको छ सो तथ्यमा कुनै सत्यता रहेको छैन । यी पीडित जाहेरवालाले मलाई

धम्काई चार लाख रकम माग गरयो वा एकरात म सँग सुत्न आउँ भनि जुन दबाब दिएको र २ दिनसम्म जिल्ला सरकारी वकील कार्यालयमा राखि मलाई प्रतिकूल बकपत्र गर्न बाध्य पा-यो भन्ने आरोप छ त्यो आरोप सरासर झुट्ठा बाहेक केही होइन । जुन मिति अर्थात अदालतमा पीड़ितको बकपत्र भएको मिति २०७८।१।६ भन्दा अगाडि नै कार्यालय प्रमुख मिति २०७८।१।४ गतेबाटै चैते दशैको क्रममा काज स्वीकृत गरी पुर्खयौली घर गई कार्यालयमा उपस्थित नरहेका हाजिरी रेकर्डबाट पुष्टी हुने र निजको बकपत्रमा तत्कालिन सहायक जिल्ला न्यायाधिवक्ता सुर बहादुर परियारबाट प्रतिनिधित्व रहेकोमा सो बकपत्रमा तपाईले किन जाहेरी व्यहोरा फरक पर्नेगरि लेखाउनु भएको भन्नेसम्मको प्रश्न राखेका छन ।

जहाँसम्म न्याय परिषदमा परेको उजुरीको विषय छ न्याय परिषदले मिति २०७९।३।२७ गते जिल्ला न्यायाधिश पदमा योग्य व्यक्तिहरुको निवेदन माग गरेकोमा सो कार्यमा मिति २०७९।४।१० मा २१ जना जिल्ला न्यायाधिशको पदमा ६३ जनाको नाम संक्षिप्त सूचीमा प्रकाशित गरी सो सूचीमा परेका व्यक्ति विरुद्ध कुनै उजूरी भए ७ दिन भित्र न्याय परिषद सचिवालयमा पेश गर्न सूचना जारी भएको थियो । उक्त सूचीमा यस कार्यालयका जिल्ला न्यायाधिवक्ता राजेन्द्र सिंह भण्डारीको नाम समेत वर्णानुक्रममा ४६ औ नम्बरमा परेकोले यही अवसरबाट बंचित गराउने नियोजित उद्देश्यले कार्यालय प्रमुखका प्रतिस्पर्धि र कसैको उक्साहट प्रलोभनमा मिति २०७९।४।१९ नै महान्यायाधिवक्ता कार्यालयलाई बोधार्थ दिई यी जाहेरवालाले उजुरी दर्ता गराएको उजूरीको व्यहोराबाटै देखिन्छ । यदि यस कार्यालयको काम कारवाही वा व्यवहार प्रति यी जाहेरवालाको कुनै गुनासो वा असन्तुष्टि भएको भए जिल्ला अदालतमा मुद्धा विचारधिन रहदाँ कै बखत कारवाही गरि पाउ भनि सम्बन्धित निकाय वा अधिकारी समक्ष किन उजूर भएन गरिएन ? हालसम्म पनि उच्च अदालत डोटीमा उक्त मुद्दा विचाराधिन रहेको अवस्थामा सो मुद्दा प्रभावित गर्न सकिन्छ की भन्ने कुनियतले आफु र आफना साक्षीले बकपत्रमा भनाई फेरेको मितिले १५ महिना पछि कार्यालय प्रमूख विरुद्ध यसरी प्रायोजित रुपमा लाग्नुले यी तथाकथित पिडितको नियत प्रस्ट हुन्छ । न्यायाधिश नबनाई पाउँ भन्ने होकी समयमा यस्तो काम गरयो, यस्तो भन्यो, यो कानूनी कर्तव्य निर्वाह गरेन भनि उजूरी गर्नुपर्ने होइन र ? तसर्थ यदि कार्यालय प्रमुखले निजलाई दबाव दिएको ठोस वस्तुनिष्ठ प्रमाण भए पेश गर्न सम्बन्धित पीडितलाई चुनौती साथ आग्रह गर्दै यी पीडितले अरुको भविष्य डुबाउने, अरुबाट परिचालित हुने, फसाउने नियत राखेको प्रष्ट हुन्छ । यस्ता पीडित जाहेरवालाले दिएको सूचनालाई मात्र आधार बनाई पत्रकारिताको धर्म र मर्म नबुझ्ने मिडिया हाउस र पत्रकारबाट प्रेसित समाचारको यस कार्यालयबाट घोर निन्दा गरिन्छ । यस्ता पीडितबाट सुरक्षित हुन सम्पूर्ण नागरिकलाई सूचित समेत गरिन्छ।

श्रीराम ओझा

(नि. जिल्ला न्यायाधिवक्ता)

जिल्ला सरकारी वकील कार्यालय

कैलाली ।

मिति: २०७९।४।२० गते